## दोस्रो नगरसभाका निर्णयहरु

### २०७५।३।२५ गते

निर्णय नं.१,
लोकतान्त्रिक आन्दोलनमा साहदात प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धान्जली व्यक्त गर्ने प्रस्ताव पारित गरियो ।

निर्णय नं. २,
आगामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमहरु प्रमुखबाट र चालू आर्थिक वर्ष २०७४/०७५ को जेष्ठ १५ सम्मको यर्थाथ आय तथा व्यय, र वार्षिक बजेट, कर, दस्तुर र सेवा शूल्कका दररेटहरु उपप्रमुखबाट सभामा पेश गरियो ।

### २०७५।३।२६ गते

निर्णय नं.१,
ललितपुर महानगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि देहाय बमोजिमको नीति तथा कार्यक्रमहरु पारित गरियो ।

### २०७५।३।२७ गते

निणर्य १,
ललितपुर महानगरपालिकाको दोस्रो नगर सभामा पेश भएको देहाय बमोजिमको आर्थिक ऐन २०७५/७६ र अनुसूचीमा सलग्न कर, दस्तुर तथा सेवा शुल्कका दररेटहरु पारित गरियो ।

**निर्णय नं. २,**
ललितपुर महानगरपालिकाको चालु आर्थिक वर्ष ०७४/०७५ जेष्ठ १५ गते सम्मको यथार्थ आय जेष्ठ मसान्तसम्मको यथार्थ व्यय र आगामी आर्थिक वर्ष ०७५/०७६ को अनुमानित रु ४,६०७,२८७,००० (चार अर्ब साठी करोड बहत्तर लाख सतासी हजार ) बराबरको देहाय बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३,
ललितपुर महानगरपालिकाको देहाय बमोजिमको विनियोजन ऐन , २०७५ पारित गरियो ।

निर्णय नं. ४,
साविक स्थानीय निकाय (जिल्ला विकास समिति ललितपुर) मा स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा २४९ बमोजिमको दरवन्दीमा रही अधिकांश समय जिल्लाको सेवामा विताइसकेका र स्थानीय तहको अनुभव बटुलेका अस्थायी कर्मचारीको आगामी दिनमा जिल्ला समन्वय समितिमा दरबन्दी नरहने हुंदा कर्मचारीको दक्षता र महानगरको आवश्यकताका आधारमा तपसिल बमोजिमका तह तथा पदका कर्मचारीहरुलाई दरबन्दी सहित ललितपुर महानगरपालिकामा सरुवा गरी समायोजन गर्ने निर्णय गरीयो ।

ललितपुर महानगरपालिका पुल्चोक, ललितपुर २०७३

प्रमुख
ललितपुर महानगरपालिका

तपसिल

| क.सं. | कर्मचारीको नाम थर | पद | तह | |
|---|---|---|---|---|
| १ | श्री विश्वेश्वर कोइराला | बरिष्ठ सामाजिक परिचालक | अधिकृत स्तर, छैठौं | |
| २ | श्री सावित्री बजगाईं | बचत तथा साख परिचालक | सहायक स्तर, पाचौं | |
| ३ | श्री सीता देवी भण्डारी | सामाजिक परिचालक | सहायक स्तर, पाचौं | |
| ४ | श्री सावित्री देवी ढुंगाना | सामाजिक परिचालक | सहायक स्तर, पाचौं | |

निर्णय नं. ५,

ललितपुर महानगरपालिकाको दोस्रो नगर सभामा पेश भएका देहाय बमोजिमका ऐनहरु पारित गर्ने निर्णय गरियो ।

क) प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

ख) राजपत्र प्रकाशन सम्बन्धि ऐन, २०७५

ग) आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५

निर्णय ६,

नगरसभा संचालन (कार्यविधि) सम्बन्धि ऐन २०७५ को दफा ४७ बमोजिम ३/३ सदस्यीय तपसिल बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

क) विधायन समिति
संयोजक: श्री श्याम कृष्ण महर्जन (नगर सभा सदस्य, वडा नं.२१
सदस्य: श्री पुण्य कुमारी शाक्य (नगर सभा सदस्य, वडा नं.११
सदस्य: श्री राम कुमारी लिम्बु (सुब्बा) (नगर सभा सदस्य, वडा नं.१३

ख) लेखा समिति
संयोजक: श्री दिनेश जंग पाण्डे (नगर सभा सदस्य, वडा नं.२४
सदस्य: श्री महेन्द्र श्रेष्ठ (नगर सभा सदस्य, वडा नं.१७
सदस्य: श्री राजीव श्रेष्ठ (नगर सभा सदस्य, वडा नं.६

ग) विकास तथा सुशासन समिति

संयोजक: श्री अमिर महर्जन (नगर सभा सदस्य, वडा नं.९

सदस्य: श्री सपना महर्जन (नगर सभा सदस्य, वडा नं.२७

सदस्य: श्री सागर तुलाधर (नगर सभा सदस्य, वडा नं.२२

माथि उल्लेखित समितिका पदाधिकारीहरुले प्रदेश सरकारको कानूनले तोके बमोजिम कर सहित प्रति बैठक रु ५००/-, बैठक भत्ता पाउने गरी बढीमा १ वर्षमा १२ वटा बैठकको मात्र भत्ता पाउने छ ।

प्रमुख
ललितपुर महानगरपालिका

निर्णय नं.७,

ललितपुर महानगरपालिकाको मौजुदा कर्मचारी संगठन तालिका र दरवन्दि परिमार्जन सहित पारित गर्न नगर कार्यपालिका वैठकलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८,

२९ नं.वडा का वडा अध्यक्ष गणेश कुमार महर्जनको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९,

महालेखा परीक्षकको कार्यालयवाट आ.व.०७३/०७४ को आय व्ययको अन्तिम लेखापरीक्षण भई प्राप्त लेखा परीक्षण प्रतिवेदन अनुमोदन गरियो साथै उक्त प्रतिवेदनमा उल्लेखित बेरुजु तदारुकताका साथ फछ्र्यौट गर्न गराउन र अगामी दिनमा चुस्त दुरुस्त, प्रभावकारी, कार्यदक्ष, मितव्ययी औचित्यपूर्ण तरिकाले कामकाज गर्न गराउन महानगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०,

चालु आर्थिक वर्ष २०७४/०७५ मा पूँजिगत तर्फ विभिन्न शिर्षकमा बिनियोजित बजेट रकम मध्ये तपसिलका बजेट शिर्षकमा बिनयोजित बजेट भन्दा वढि खर्च भएको तथा कतिपय बजेट शिर्षकमा नपुग हुन जाने देखिदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकवाट पूजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने प्रावधान रहेकोमा तपसिलमा उल्लेख भएको शिर्षकहरुमा २५ प्रतिशत भन्दा वढि रकम रकमान्तर गर्नु पर्ने देखिएको हुँदा नगरसभावाट अनुमोदन गरी रकमान्तर गर्ने प्रस्ताव पारित गरियो ।

| सि. नं. | वजेट शिर्षक | बार्षिक बिनियोजन रकम | आषाढ १०, २०७५ सम्म खर्च | ०७४/०७५ मा आवश्यक पर्ने रकम | रकमान्तर | | रकमान्तर पछि थपघट हुने वार्षिक बजेट |
|---|---|---|---|---|---|---|---|
| | | | | | थप | घट | |
| १ | कार्यालय बिद्युत सामान | ५,००,०००।- | ४,६२,३१३।- | ४५,००,०००।- | ४०,००,०००।- | - | ४५,००,०००।- |
| २ | वडा स्तरीय बिद्युत | २०,००,०००।- | १९,९४,४५१।- | २८,००,०००।- | ८,००,०००।- | - | २८,००,०००।- |
| ३ | फर्निचर | ५०,००,०००।- | ४९,२०,४७२।- | १,००,००,०००।- | ५०,००,०००।- | | १,००,००,०००।- |
| ४ | सवारी साधन | ३,००,००,०००।- | १०,२३,०००।- | २,०२,००,०००।- | - | ९८,००,०००।- | २,०२,००,०००।- |
| जम्मा रु | | ३,७५,००,०००।- | ८४,००,२३६।- | ३,७५,००,०००।- | ९८,००,०००।- | ९८,००,०००।- | ३,७५,००,०००।- |

ललितपुर महानगरपालिका पुल्चोक, ललितपुर २०७३

प्रमुख
ललितपुर महानगरपालिका

निर्णय नं. ११,
चालु आर्थिक वार्ष २०७४/०७५ मा चालु तर्फ विभिन्न शिर्षकमा बिनियोजित बजेट रकम मध्ये तपसिलका बजेट शिर्षकमा बिनियोजित बजेट भन्दा वढि खर्च भएको तथा कतिपय बजेट शिर्षकमा नपुग हुन जाने देखिदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकवाट पूंजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने प्रावधान रहेकोमा तपसिलमा उल्लेख भएको शिर्षकहरुमा २५ प्रतिशत भन्दा वढि रकम रकमान्तर गर्नु पर्ने देखिएको हुँदा नगरसभावाट अनुमोदन गरी रकमान्तर गर्ने प्रस्ताव पारित गरियो ।

| सि. नं. | वजेट शिर्षक | बार्षिक बिनियोजन रकम | आषाढ १०, २०७५ सम्म खर्च | ०७४/०७५ मा आवश्यक पर्ने रकम | रकमान्तर | | रकमान्तर पछि थपघट हुने वार्षिक बजेट |
|---|---|---|---|---|---|---|---|
| | | | | | थप | घट | |
| १ | पदाधिकारी दैनिक भ्रमण भत्ता | ५,००,०००।- | २९,२०,००,०००।- | ३४,२०,०००।- | २९,२०,०००।- | - | ३४,२०,०००।- |
| २ | अन्य भत्ता | ८०,००,०००।- | ८०,००,०००।- | ९५,००,०००।- | १५,००,०००।- | - | ९५,००,०००।- |
| ३ | कर्मचारी खाजा भत्ता | १,६८,००,०००।- | १,१२,०६,०००।- | १,२३,८०,०००।- | - | ४४,२०,०००।- | १,२३,८०,०००।- |
| ४ | सवारी साधन मर्मत | १०,००,०००।- | ९,५०,०००।- | १५,००,०००।- | ५,००,०००।- | - | १५,००,०००।- |
| ५ | अन्य मर्मत | १०,००,०००।- | ४,८५,०००।- | ५,००,०००।- | - | ५,००,०००।- | ५,००,०००।- |
| जम्मा रु | | २,७३,००,०००।- | २,३५,३०,०००।- | २,७३,००,०००।- | ४९,२०,०००।- | ४९,२०,०००।- | २,७३,००,०००।- |

निर्णय नं.१२,
महानगरपालिकामा निर्वाचित पदाधिकारीहरु प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, नगर कार्यपालिका सदस्य, नगर सभा सदस्यहरुको रु.१० लाखको स्वास्थ्य बीमा गर्ने सम्बन्धमा कार्यपालिकाबाट कार्यविधि बनाई बीमा गर्ने विषेश प्रस्ताव पारित गरियो ।

निर्णय नं. १३,
नेपालको संविधानको अनुसूची ८ मा घर बहाल कर स्थानीय तहले एकलौटी लिन पाउने व्यवस्था भएकोमा २०७४ साल चैत्रभन्दा अगाडि १० प्रतिशतले नेपाल सरकारले नै असुल गरेकोमा उक्त अवधिको रकम नेपाल सरकारसँग माग गर्ने विशेष प्रस्ताव पारित गरियो ।

निर्णय नं. १४,
महानगरपालिकाको सभा हल निर्माण तथा व्यवस्थापन, CTEVT स्तरको प्राविधिक शिक्षालयको व्यवस्थापन र महानगरपालिकाको छुट्टै सामुदायिक अस्पतालको व्यवस्थापन गर्ने विशेष प्रस्ताव पारित गरियो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर
२०७३

प्रमुख
ललितपुर महानगरपालिका

निर्णय नं. १५,

नगरसभा सदस्यहरुको मर्यादाक्रम र काम, कर्तव्य, अधिकार ऐनमा नतोकिएका कारण स्पष्ट तोकिनका लागि र सेवा सुविधामा पुन:विचारका लागि प्रदेश सरकारलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. १६,

आ.ब.२०७४/७५ मा ललितपुर महानगरपालिकाको कार्यपालिका बैठकवाट भएगरेका निर्णयहरु नगरसभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७,

दोस्रो नगरसभा सम्पन्न गर्न प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई विशेष धन्यवाद दिने निर्णय गरियो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर
२०७३

प्रमुख
ललितपुर महानगरपालिका